बैठक नं. ६०

आज मिति २०७६/१/१६ गते मंगलबार दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको ६०औ बैठक बस्यो ।

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४ | श्री माधव के.सी | कार्यपालिका सदस्य | |
| ५ | श्री गोपाल राज शर्मा लम्साल | कार्यपालिका सदस्य | |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | |
| ८ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्र बहादुर सिंजाली | कार्यपालिका सदस्य | |
| ११ | श्री मेख बहादुर थापा सारु मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | |
| १३ | श्री रमेश बहादुर ठाडा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | |
| १५ | श्री डिल बहादुर खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | |
| १७ | श्री हरिभक्त भट्टराई | कार्यपालिका सदस्य | |
| १८ | श्री केशर बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | श्री विष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | |
| २० | श्री टिकामाया सिंजाली | कार्यपालिका सदस्य | |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री सुवोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | |
| २४ | श्री नव कुमारी शर्मा | कार्यपालिका सदस्य | |
| २५ | श्री कमला दमै | कार्यपालिका सदस्य | |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | |
| २७ | श्री भोज बहादुर माझी | कार्यपालिका सदस्य | |
| २८ | श्री विष्णु प्रसाद भुसाल | सदस्य सचिव | |

## अन्य उपस्थिति

१. राम प्रसाद शर्मा, नगर शिक्षा प्रमुख, शिक्षा शाखा
२. जिवलाल श्रेष्ठ, प्रशासन तथा योजना प्रमुख, योजना शाखा
३. डमेन्द्र पौडेल, लेखा अधिकृत, आ.प्र. शाखा
४. राम कुमार श्रेष्ठ स्वास्थ्य शाखा प्रमुख स्वास्थ्य शाखा
५. अभिलास पन्थी योजना उपशाखा, दे.न.पा.
६. टिकाराम बस्याल इन्जिनियर देवचुली नगरपालिका
७. कृष्ण हरी सापकोटा सूचना प्रविधि अधिकृत
८. अनिता ज्ञवाली, प्रधानमन्त्री रोजगार संयोजक
९. जमुना न्यौपाने कार्यालय सहयोगी दे.न.पा.
१०. जानुका घिमिरे — " — " "
११. तोयनाथ लामिछाने — " — " — "
१२. सञ्जु दवाडी — " — " —

**निर्णयहरु :**

१. देवचुली नगरपालिकामा राहतस्वरुप दोस्रो चरणमा खाद्यान्न वितरण कार्यको लागि राहत वितरण मापदण्ड कार्यविधी, २०७६ ले तोके अनुसार सम्बन्धित वडा समितिले असहाय, दैनिक ज्यालादारी गर्ने मजदुर र विपन्न वर्गको विवरण संकलन गरी पेश गरे बमोजिमका जनसंख्या/परिवारलाई तोकिएको दरवन्दी अनुरुपको खाद्य सामग्री वडाले नै खरिद गरि वितरणको व्यबस्था मिलाउने र विल, भरपाई, निर्णय सिफारिश सहित भुक्तानीका लागि नगरपालिकामा पेश गर्ने ।

   तपसिल ;

   क. चामल (सोना मनसुली) प्रतिव्यक्ति ५ (पाँच) किलो
   ख. दाल (मुसुरो) प्रतिपरिवार १ (एक) किलो
   ग. तेल (तोरीको) प्रतिपरिवार आधा लिटर
   घ. नुन प्रतिपरिवार १ (एक) पाकेट
   ङ. नुहाउने साबुन प्रतिपरिवार १ (एक) गोटा

   उपरोक्त सामग्रीको गुणस्तर र मूल्यमा एकरुपता कायम हुने गरि यथाशिघ्र खरिद तथा वितरण कार्य गर्ने ।

२. नोवल कोरोना भाइरस (COVID-19) को उच्च जोखिमको अबस्था कायम रहेकोले स्वास्थ्यकर्मीहरुका लागि आवश्यक पर्ने PPE (Reusable, Disposable) N95 Mask, Sanitizer लगायतका सुरक्षा सामग्री आवश्यकताअनुसार पर्याप्त रुपमा उपलब्ध गराउने ।

३. नोवल कोरोना भाइरस (COVID-19) को सम्भावित महामारीको आंकलन गर्दै आवश्यक परेमा यस नगरपालिकामा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मी र अन्य कर्मचारीहरुलाई समेत आवास व्यबस्था गर्ने ।

२०७६।१।१६
विष्णु प्रसाद भुसाल
प्रशासकीय अधिकृत

कुमार श्रेष्ठ
नगर प्रमुख

४. कोरोना भाईरस सम्बन्धी दैनिक रिपोर्टिङ गर्ने कार्यका लागि यस नगरपालिकाको स्वास्थ्य शाखामा कार्यरत कर्मचारीका लागि मासिक एक हजार रुपैयाँ र स्वास्थ्य संस्था प्रमुखहरुका लागि मासिक पाँच सय रुपैयाँ सञ्चार खर्च उपलब्ध गराउने ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चालु आ.व.मा देहाय बमोजिमका योजनाहरु कार्यान्वयन गर्ने ;

| सि.नं. | वडा नं. टोल बस्ती | योजनाको नाम | कैफियत |
|---|---|---|---|
| १ | देवचुली -५, मृतुङ मौलाथुम्की | कदमपुर देखि बन्दीपुर जाने बाटोमा पक्की नाला बनाउने | |
| २ | देवचुली -६, किर्तिपुर | देउसत खोला साना सिंचाई कुलो निर्माण | |
| ३ | देवचुली -७, रामबास टोल | टोक्रे नहर मर्मत (पक्की) | |
| ४ | देवचुली -८, आँपटारी | टोक्रे नहर मर्मत (पक्की) | |
| ५ | देवचुली -९, विशालटार | विशालटार देवचुली खानेपानी मुहान संरक्षण | |
| ६ | देवचुली -१०, मिलनटोल | जलुके घुमाउरे कुलो स्तरउन्नति | |
| ७ | देवचुली -११ | कृषि सिंचाई शाखा कुलो स्तर उन्नति | |
| ८ | देवचुली -१३, दलदले | खानेपानि पाइपलाईन बिस्तार | |
| ९ | देवचुली -१४ | ग्रामिण खानेपानी पाइपलाईन बिस्तार | |
| १० | देवचुली -१५, प्रगतिनगर | नाली निर्माण र पूर्वाधार निर्माण | |
| ११ | देवचुली -१७, कुलेनी | कृषि सिंचाई, सरसफाई, बाटो मर्मत र स्तर उन्नति | |

२०७७।१।१६

विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख